बुद्धभूमि नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०७४ को अनुसूची -२
दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

# बुद्धभूमि राजपत्र

## कपिलवस्तु

### (स्थानीय राजपत्र)

खण्ड १ बर्ष ६ अंक २३ मिति : कार्तिक १४ गते २०७९

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम बुद्धभूमि नगरपालिकाले बनाएको तल उल्लेखित बमोजिमको ऐन, कार्यविधी, निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।**

## भाग -२

# लागत साझेदारीमा एक शिक्षक, एक ल्यापटप कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७९/०७/०४

विद्यालय कक्षा कोठाको सिकाइलाई सहज, सरल, प्रविधिमैत्री बनाई सिकाइमा सुधार गरी उपलब्धि प्राप्तीका लागि नयाँ नयाँ प्रविधिको विकास हुदै आएकोछ। त्यसका लागि शिक्षक आफ्नो कार्य थलोमा अद्यावधिक भै राख्नु पर्ने हुन्छ। यसै कुरालाई मध्यनजर गरी बुद्धभूमि नगरपालिकाले सामुदायिक विद्यालयमा कार्यरत सबै शिक्षकहरुलाई क्रमश प्रविधि मैत्री बनाउने उद्देश्यले आ. व. २०७९/०८० देखि लागत साझेदारीमा एक शिक्षक,एक ल्यापटप कार्यक्रम ल्याएकोछ। उक्त कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन तथा कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन दफा १०२ को उपदफा (२) बमोजिम यो निर्देशिका बुद्धभूमि नगरपालिकाले बनाएकोछ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम **" लागत साझेदारीमा एक शिक्षक,एक ल्यापटप कार्यक्रम कार्यान्वयन निर्देशिका २०७९"** रहेको छ।

(२) यो निर्देशिका नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागु हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुदान" भन्नाले यस निर्देशिका अनुरुप संचालन गरिने कार्यक्रमको लागि नगरपालिकाबाट उपलब्ध गराईने नगद रकम र वस्तुगत सहयोग समेतलाई सम्झनुपर्दछ।

(ख) "लाभग्राही" भन्नाले निर्देशिकामा उल्लेखित कार्यक्रम अनुसार लागत साझेदारीमा एक शिक्षक,एक ल्यापटप कार्यक्रम अनुदान प्राप्त गर्ने शिक्षक, विद्यालय कर्मचारी, बालविकास सहयोगी कार्यकर्ता वा विद्यालयलाई सम्झनु पर्छ।

(ग) "कम्पनी/सप्लायर्स" भन्नाले प्रचलित कम्पनी/व्यवसायिक कानुन अनुरुप दर्ता भएका सूचना प्रविधि सम्वन्धी व्यववसाय गर्ने व्यक्तिगत वा सामुहिक संस्थालाई सम्झनु पर्छ ।

(घ) "नगरपालिका" भन्नाले बुद्धभूमि नगरपालिका लाई सम्झनु पर्दछ ।

(ङ) "समिति" भन्नाले कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम छनौट समितिलाई सम्झनु पर्छ ।

(च) "शाखा" भन्नाले नगरपालिका अन्तरगतको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(छ) "फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी/ उद्यमीको संस्थालाई सम्झनु पर्छ ।

(ज) "खरिद" भन्नाले खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद सम्बन्धी व्यवस्था भएको खरिद प्रकृयालाई सम्झनु पर्छ ।

**३. उद्येश्य:** यस निर्देशिकाको उद्येश्य तपशिल बमोजिमको रहेकोछ ।

(क) नगरपालिकाबाट सञ्चालन हुने लागत साझेदारीम एक शिक्षक,एक ल्यापटप कार्यक्रम कार्यक्रमलाई नियमित, व्यवस्थित, पारदर्शि एवम् प्रभावकारी रुपमा सञ्चालन गर्ने ।

(ख) कार्यक्रमका सम्बन्धमा सञ्चालन मादण्ड, विधि एवम् प्रकृयाको बारेमा सरोकारवालाहरुलाई सुसूचित गराउने ।

(ग) लक्षित वर्ग एवम् लाभग्राहीलाई क्रमश प्रविधि मैत्री बनाउने ।

**४. सरोकारवाला निकायहरुको भूमिका:** यस कार्यक्रम संचालनका लागि सरोकारवालाहरुको भूमिका देहाय बमोजिमको हुनेछ ।

**(१) शिक्षक, कर्मचारी तथा स. का.को भूमिका:-**

(क) कार्यक्रममा सहभागी हुन औचित्य सहितको अनुसूची-१ बमोजिमको निवेदन र

अनुसूची २ बमिमको प्रस्ताव सहितका कागजातहरु निर्धारित समय भित्र विद्यालयमा पेश गर्ने ।

(ख) छनोट पश्चात लागत सहभागिताला लागि आवश्यक पर्ने रकम जम्मा गर्ने ।

(ग) सामग्री प्राप्ती पछि सोको प्रयोग अनिवार्य रुपमा गर्ने ।

**(२) विद्यालयको भूमिका:-**

(क) कार्यक्रममा सहभागी हुन शिक्षकहरु अभिप्रेरित गर्ने ।

(ख) शिक्षक, कर्मचारीहरुबाट प्राप्त निवेदन र रकम विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नगरपालिकामा पेश गर्ने ।

(ग) कार्यक्रम सहभागी हुने लाभग्राही छनोटका लागी स्थायी, अस्थायी नियुक्ति मिति, तह/ श्रेणी, वढुवा मिति, अध्यापन गर्ने बिषय सहित खुलाई सिफारिस गर्ने ।

(घ) कार्यक्रम स्विकृत भए पश्चात सोको रेकर्ड राख्ने ।

(ङ) कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन, मूल्याङ्कन गर्ने ।

**(३) विद्यालय व्यवस्थापन समितिको भूमिका:-**

(क) कार्यक्रम माग तथा स्वीकृतीका लागि निर्णय गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्ने ।

**(४) नगरपालिकाको भूमिका:-**

(क) कार्यक्रम कार्यान्वयनका लागि सूचना प्रकाशन गर्ने ।

(ख) प्राप्त निवेदनहरु छानविन एवम् स्वीकृत गर्ने ।

(ग) खरिद प्रकृया बमोजिम ल्यापटपको व्यवस्था गरी सम्बन्धित लाभग्राहीहरुलाई उपलब्ध गराउने ।

(घ) कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन, मूल्याङ्कन गरी प्रतिवेदन सम्प्रेषण गर्ने ।

**५. छनौट समितिः** कार्यक्रम छनौटका लागि देहाय बमोजिमको एक छनौट समिति रहने छ।

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) संयोजक सामाजिक विकास समिति | सदस्य |
| (घ) कार्यक्रम अधिकृत | सदस्य |
| (छ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख/ शिक्षा अधिकृत | सदस्य सचिव |

बैठकमा सम्बन्धित बिषयसंग सम्बन्धित सूचना प्रविधि अधिकृत र अन्य बिशेषज्ञलाई बिषय विज्ञको आमन्त्रण गरिनेछ।

**६. समितिको काम, कर्तव्य र अधिकारः-**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कार्यक्रम कार्यान्वयनको लागि सूचना प्रकाशन गर्ने।

(ख) प्राप्त निवेदनहरु तोकिएको आधारमा प्राथमिकीकरण गरी लाभग्राहीहरू छनोट गर्ने।

(ग) कार्यान्वयन प्रकृयाका सम्बन्धमा आवश्यक निर्णय गर्ने।

(घ) प्रचलित खरिद प्रकृया बमोजिम सामग्री खरिदका लागि कार्यालयलाई निर्देशन दिने।

(ङ) कार्यक्रमको निरीक्षण, अनुगमन गरी पृष्ठपोषण दिने।

(२) कार्यक्रम कार्यान्वयन लागि सचिवालयको काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्ने छ।

**७. लाभग्राही छनोट तथा वितरणका आधारहरूः-**

(क) सामुदायिक विद्यालयको माध्यमिक तह र आधारभूत तहमा कार्यरत क्रमश स्थायी, राहत, करार शिक्षक, बालविकास केन्द्रका स. का., अनुदानमा कार्यरत शिक्षक, विद्यालयमा कार्यरत कर्मचारी भै कम्प्युटर चलानउनका लागि ईच्छुक।

(ख) दफा ७ को (क) बमोजिमका लाभग्राहीहरुले पेश गरेको प्रस्ताव सहितको निवेदन।

(ग) लाभग्राहीहरु छनोट गर्दा दफा ७ को (क) बमोजिम माथिल्लो तह देखि क्रमश जेष्ठता, अनुभव, मुख्य बिषय अध्यापन गर्ने लाभग्राही ।

(घ) यस अघि विद्यालय वा अन्य निकाय तथा संघ संस्थाबाट ल्यापटप प्राप्त नगरेको लाभग्राही ।

(ङ) ल्यापटप वितरण गर्दा एक आ. व. मा एकै कम्पनी, एउटै ब्राण्डको शिक्षण सिकाइ क्रियाकलाप कार्यक्रममा सहयोग पुग्ने ।

(च) छनोट भएका लाभग्राहीले अग्रीम रुपमा ५०% रकम तोकिएको खातामा जम्मा गरि सोको बैंक भौचर पेश गरेको हुनु पर्ने ।

(छ) तोकिएको समयमा लागत सहभागिताको रकम जम्मा नगर्ने लाभग्राही भएमा वैकल्पिकलाई उपलब्ध गराउनु पर्नेछ ।

(ज) कार्यक्रम कार्यान्वयन गर्दा प्रचलित खरिद प्रकृयालाई अबलम्बन गर्नु पर्नेछ ।

८. नगरपालिकाले सम्वन्धित लाभग्राहीलाई निर्देशन गर्ने र कार्यक्रम कार्यान्वयनमा आईपरेका समस्या समाधान गर्ने र अनुगमन गरी पृष्ठपोषण प्रदान गर्नेछ ।

९. कार्यक्रम संचालन गर्दा संघीय सरकार, प्रदेश सरकार र विद्यालयले संचालन गर्ने कार्यक्रमसँग दोहोरो नहुने गरि संचालन गरिनेछ ।

१०. सामग्रीको स्वामित्वः- (१) लाभग्राहीले ल्यापटप प्राप्त गरी सकेपछि सोको स्वामित्व नीजको हुनेछ तर विद्यालयको शिक्षण सिकाइ र अन्य काममा अनिवार्य रुपमा प्रयोग गर्नुपर्ने छ ।

**११. अनुगमन, मुल्याङ्कनः-** (१) कार्यक्रमको प्रभावकारीताका लागि नगरपालिकाले समय समयमा अनुगमन गर्नेछ ।

**१२. प्रतिवेदन पेश गर्नु पर्नेः-** (१) विद्यालयले कार्यक्रम कार्यान्वयन भए नभएको अनुगमन गरी नगरपालिकामा पेश गर्नु पर्नेछ ।

१३. यस निर्देशिकामा उल्लेख नभएका विषयका हकमा प्रचलित ऐन, कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

१४. यस निर्देशिकामा उल्लेख भएका कुनै पनि प्रावधान प्रचलित ऐन कानूनसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-१

(दफा ४. को (१) (क) सँग सम्बन्धित)

श्रीमान् प्रमुख ज्यू,
शिक्षा, युवा तथा खेलकूद शाखा
बुद्धभूमि नगरपालिका, हनुमानचोक, बुड्ढी, कपिलवस्तु ।
मार्फत,
श्रीमान् प्रधानाध्यापक ज्यू,
.............................................विद्यालय, बुद्धभूमि.....,........, कपिलवस्तु ।

**बिषयः- ल्यापटप सम्बन्धमा ।**

महोदय,

प्रस्तुत बिषयमा त्यस नगरपालिकाको आ.व. २० / को वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा एक शिक्षक,एक ल्यापटप कार्यक्रमको कार्यान्वयनका लागि तहाँबाट मिति / / मा प्रकासित सूचना अनुसार हाल सम्म मैले विद्यालय लगायत अन्य संघ/संस्थाबाट ल्यापटप प्राप्त नगरेको हुँदा तहाँबाट वितरण गरिने ल्यापटप उपलब्ध गराई दिनुहुन तपसिलका कागजात सहित निवेदन पेश गरेको छु ।

तपसिल

१. प्रस्ताव
२. नियुक्ति पत्रको प्रतिलिपि
३. विद्यालय व्यवस्थापन समितिको निर्णय
४. विद्यालयको सिफारिस
५. लागत साझेदारीका लागि प्रतिवद्धता पत्र

निवेदकः
नामः
हस्ताक्षरः
पदः
तह/श्रेणीः

अनुसूची-१

(दफा ४. को (१) (क) सँग सम्बन्धित)

**लागत साझेदारीमा एक शिक्षक,एक ल्यापटप कार्यक्रम प्रस्तावना पत्र**

१. पृष्ठभूमि

२. कार्यक्रमको उद्देश्य

३. कार्यक्रमको औचित्य

४. कार्यक्रममा सहभागी हुनुको पुष्टाई

५. कार्यक्रमबाट लाभ लिने क्षेत्र र सङ्ख्या

६. प्रयोग हुने बिषय

७. प्रयोग विधि

८. प्राप्त उपलब्धि

९. सारंश

प्रस्ताव पेश गर्नेः-

नामः

हस्ताक्षरः

पदः

तह/श्रेणीः

कार्यरत विद्यालयः

आज्ञाले
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

# नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४, पहिलो संशोधन, २०७७ लाई संशोधन गर्न बनेको निर्देशिका, २०७९

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०७/०४

**प्रस्तावनाः**

नेपालको संविधान, २०७२ को अनुसूची–८ बमोजिम उपभोक्ता हित संरक्षणार्थ बजार अनुगमनको जिम्मेवारी स्थानीय तहलाई तोकिएको हुँदा सो संबैधानिक दायित्व कार्यान्वयनको लागि नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०७३/१०/१८ मा स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदनको अधिनमा रही संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट यो निर्देशिका तयार गरिएको छ।

उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु वा सेवाको उत्पादन स्थल वा भन्सार विन्दु, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमन गर्न तत्काल स्थानीय नगरपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले बुद्धभूमी नगरपालिकाले नगर सभाको मिति २०७४/११/२७ को बैठकबाट पारित गरी यो निर्देशिका लागु गरेको निर्देशिकाको कार्यान्वयन सहजिकरणको तथा थप प्रभावकारिताको लागि संशोधन गर्न आवश्यक भएकोले बुद्धभूमि नगरपालिकाको मिति २०७९/०७/०४ मा बसेको कार्यपालिकाको बैठकले तपसिल बमोजिमको संसोधन गरेको छ।

## परिच्छेद –१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस निर्देशिकाको नाम **" नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४" दोस्रो संसोधन, २०७९** रहेको

(ख) यो निर्देशिका नगर कार्यपालिकाबाट संसोधन स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

२. मुल निर्देशिकाको दफा ८ को उपदफा २ को क. देखि छ. सम्म भएको व्यवस्थालाई खारेज गरी निम्न बमोजिम संशोधन गरिएको

| | |
|---|---|
| अ. नगर-उप प्रमुख | संयोजक |
| आ. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| इ. उद्योग बाणिज्य शाखा प्रमुख | सदस्य |
| ई. स्वास्थ्य शाखाको प्रतिनिधि | सदस्य |
| उ. इलाका प्रहरी कार्यालयको प्रतिनिधि | सदस्य |
| ऊ. उद्योग बाणिज्य संघको प्रतिनिधि | सदस्य |
| ऋ. स्थानिय उपभोक्ता हित संरक्षक | सदस्य |
| ॡ. पत्रकार | सदस्य |

आज्ञाले
रमेश गौतम
प्रमुख प्रशासकीय अधिकृत